यसमा फाइलमा संलग्न कार्यविधिहरूः

१. उत्कृष्ट युवा क्लबहरूलाई खेल सामग्री वितरण ।

२. परम्परागत पेशा व्यवसायमा लागेका युवाहरूलाई प्रोत्साहन ।

३. अपाङ्गता भएका युवाहरूलाई उद्यमशीलता विकास ।

४. लागु औषध दुर्व्यसनमा रहेका युवाहरूलाई अभिनय प्रशिक्षण ।

## उत्कृष्ट युवा क्लबहरूलाई खेल सामग्री वितरण सम्बन्धी मापदण्ड, २०७८

युवा तथा खेलकुद मन्त्रालयको कार्य विवरण मध्ये युवा विकास पनि एक हो। गण्डकी प्रदेशका एघार जिल्लाका सबै स्थानीय तहमा गठन भइ सञ्चालनमा रहेका युवा क्लवलाई प्रोत्साहन गर्दै प्रभावकारी रुपमा परिचालन गर्ने उद्देश्यले युवा तथा खेलकुद मन्त्रालयले **उत्कृष्ट युवा क्लबहरूलाई खेल सामग्री वितरण सम्बन्धी मापदण्ड, २०७८** स्वीकृत गरेको छ ।

**१. प्रस्ताव आह्वानः**

उत्कृष्ट युवा क्लबहरुको छनोट गरी खेल सामग्री वितरण गर्ने प्रयोजनको लागि खेल सामग्री माग गर्न मन्त्रालयले सूचना पाटी र वेभसाइटमा कम्तिमा १५ दिनको सुचना आव्हान गर्नेछ ।

**२. प्रस्ताव पेश गर्नुपर्नेः** (१) मन्त्रालयले गरेको सुचनाका आधारमा युवा क्लवहरुले खेलकुद सामग्री माग गर्नको लागि अनुसुची १ बमोजिमको ढाँचामा जिल्ला खेलकुद समितिमा **प्रस्ताव** पेश गर्नुपर्नेछ।

तर, युवा तथा खेलकुद मन्त्रालय वा प्रदेश खेलकुद परिषद्मा प्रस्ताव पेश गर्न बाधा पर्ने छैन ।

(२) जिल्ला खेलकुद विकास समितिमा प्राप्त प्रस्तावहरू आवश्यक कागजपत्र रूजू गरी दर्ता गरेर सूचनाको म्याद समाप्त भएको मितिले ७ दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने छ ।

**३. पेश गर्नुपर्ने कागजातहरूः** दफा १ बमोजिम निवेदन पेश गर्दा देहायका कागजात समेत पेश गर्नु पर्नेछ ।

(क) युवा क्लब दर्ता र नविकरणको प्रमाण

(ख) क्लबको जग्गा र भवनको स्वामित्व सम्बन्धी विवरण

(ग) विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन र सहभागिता सम्बन्धी प्रमाण

(घ) जिल्ला खेलकुद विकास समितिको सिफारिश

(ङ) क्लबले प्राप्त गरेको सम्मान तथा पुरस्कार भए सो सम्बन्धी विवरण ।

**४. मूल्याङ्कनका आधारहरूः** (१) दफा १ बमोजिम परेका निवेदनका आधारमा खेलकुद सामग्री वितरणको लागि उत्कृष्ट युवा क्लब छनोट गर्ने मूल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछन्

(क) क्लब सञ्चालनको अवधि,

(ख) क्लबमा आवद्ध सदस्यहरुको संख्या,

(ग) खेलकुद पूर्वाधारको अवस्था,

(घ) खेलकुद प्रतियोगितामा सहभागिता,

(ङ) खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धी विवरण,

(च) क्लबले प्राप्त गरेको सम्मान तथा पुरस्कार सम्बन्धी विवरण,

(छ) भौगोलिक अवस्था

(२) मूल्याङ्कनका आधारहरूको अङ्क विभाजन अनुसूची २ बमोजिम हुनेछ ।

**५. मूल्याङ्कन तथा सिफारिस समितिः** (१) खेलकुद सामग्री वितरणको लागि उत्कृष्ट युवा क्लब छनोट गरी सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः

| | |
|---|---|
| युवा तथा खेलकुद महाशाखा प्रमुख, मन्त्रालय | संयोजक |
| प्रतिनिधि, प्रदेश खेलकुद परिषद् | सदस्य |

| | |
|---|---|
| प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| कानून अधिकृत, मन्त्रालय | सदस्य |
| प्रमुख, युवा शाखा, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले युवा तथा खेल सम्बन्धी विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमका आधारमा युवा क्लबहरुको मूल्याङ्कन गरी छनोटका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(४) समितिले अनूसुची १ बमोजिम माग भएका खेल सामग्रीहरूका आधारमा युवा क्लबहरूलाई दिने खेल सामग्रीको प्याकेज समेत सिफारिश गर्नेछ ।

(५) समितिले मूल्याङ्कन गर्दा जिल्ला र स्थानीय तहलाई समेत आधार मानी सिफारिस गर्नेछ।

६. **उत्कृष्ट युवा क्लबहरूको छनौटः** (१) मन्त्रालयले मूल्याङ्कन तथा सिफारिस समितिले गरेको सिफारिसका आधारमा खेलकुद सामग्रीको प्याकेजका लागि उत्कृष्ट युवा क्लब छनोट गर्नेछ।

७. **खेल सामग्री माग गर्नेः** प्रस्तावक क्लबले बढीमा बीस हजार सम्मको खेलकुद सामग्रीको मूल्य सूची सहित माग गर्नुपर्नेछ।

८. **खेल सामग्री वितरणः** (१) मन्त्रालयले दफा ५ बमोजिम गरेको छनोटका आधारमा सम्बन्धित युवा क्लबहरुलाई खेल सामग्री वितरण गर्नेछ।

## अनुसूची –१

दफा १ को उपदफा (१) सँग सम्बन्धित

युवा क्लबले दिने निवेदनको ढाँचा

(क) युवा क्लबको नामः .......................................... .............................................

(ख) ठेगानाः .................. ....................... ..............................

(ग) अध्यक्षको नाम ................. सम्पर्क फोन नः ................इमेलः............

(घ) सचिवको नाम ..................सम्पर्क फोन नः ....................इमेलः............

(ङ) क्लबमा आवद्ध सदस्यको संख्याः

(च) खेलकुद प्रतियोगितामा सहभागिता सम्बन्धी विवरणः

..............................................................................................................................

(छ) खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धी विवरणः

..............................................................................................................................

(ज) खेलकुद प्रतियोगितामा प्राप्त पुरस्कार सम्बन्धी विवरणः

..............................................................................................................................

(झ) खेल सामग्रीको सूचीः

| सि नं | सामग्री | संख्या | अनुमानित मूल्य |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | जम्माः |

(ञ) निवेदनका साथ पेश गरेका कागजातहरुः

(क)युवा क्लब दर्ता र नविकरणको प्रमाण,

(ख)क्लबको जग्गा र भवनको स्वामित्व सम्बन्धी विवरण,

(ग) विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन र सहभागिता सम्बन्धी प्रमाण,

(घ) जिल्ला खेलकुद विकास समितिको सिफारिश,

(ङ) क्लबले सम्मान तथा पुरस्कार प्राप्त गरेको भए सो सम्बन्धी विवरण ।

............

हस्ताक्षर

मितिः

# अनुसूची २

## (दफा ३ को उपदफा (२) बमोजिमको प्रस्ताव मूल्याङ्कन फाराम)

| सि.नं | युवा क्लबको नाम | उत्कृष्ट युवा क्लब छनौटका आधारहरू | | | | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्लब सञ्चालनको अवधि | खेलकुद पूर्वाधारको अवस्था | सदस्य संख्या | खेलकुद प्रतियोगितामा सहभागिता | खेलकुद प्रतियोगिता सञ्चालन | सम्मान तथा पुरस्कार | भौगोलिक अवस्था | संस्थागत व्यवस्था | जम्मा | |
| | अङ्कभार | १० | १५ | १० | २० | १५ | १० | १० | १० | १०० | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |

नोटः

१. युवा क्लब सञ्चालनको अवधिः प्रति वर्ष १ अंकका दरले बढीमा १० अंक,

२. खेलकुद पूर्वाधारको अवस्थाः प्रतिखेलको पूर्वाधार बराबर ५ अंकका दरले बढीमा १५ अंक,

३. क्लबमा आवद्ध भएका सदस्यहरुको संख्याः स्थानीय तहको वर्गको आधारमा 'क' र 'ख' वर्गको स्थानीय तहमा प्रति दश व्यक्ति २ अङ्कको दरले बढीमा १० अङ्क 'ग' र 'घ' वर्गको स्थानीय तहमा लागि प्रति बीस व्यक्ति २ अङ्कको दरले बढीमा १० अङ्क,

४. खेलकुद प्रतियोगितामा सहभागिताः प्रदेश, जिल्ला र स्थानीय स्तरका प्रतियोगितामा सहभागी भएवापत प्रतिखेल क्रमशः ५,३ र २ अङ्कका दरले बढीमा २० अङ्क,

५. खेलकुद प्रतियोगिता सञ्चालनः प्रदेश, जिल्ला र स्थानीय स्तरका प्रतियोगिता सञ्चालन गरेवापत प्रतिखेल क्रमशः ५,३ र २ अङ्कका दरले बढीमा १५ अङ्क,

६. क्लबले प्राप्त गरेको सम्मान वा पुरस्कारः अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय स्तरको सम्मान वा पुरस्कार प्राप्त गरेवापत प्रति सम्मान वा पुरस्कार क्रमशः ४, ३, २ र १ अङ्कका दरले बढीमा १० अङ्क

७. भौगोलिक अवस्थाः स्थानीय तहको वर्गको आधारमा 'क', 'ख', 'ग' र 'घ' वर्गको लागि क्रमशः १०,८,६ र ४ अङ्क

८. क्लबको संस्थागत व्यवस्थाः क्लबको कार्यालय, कर्मचारी, लेखा परिक्षण प्रतिवेदन र प्रगति प्रतिवेदनको आधारमा मूल्याङ्कन समितिले निर्णय गर्ने।

# परम्परागत पेशा व्यवसायमा लागेका युवालाई प्रोत्साहन सम्बन्धी मापदण्ड, २०७८

रोजगारी सृजना तथा उद्यमशीलताको विकासमा परम्परागत पेशा व्यवसायको महत्वपूर्ण भूमिका रहेको हुन्छ । परम्परागत पेशा व्यवसायहरू लोप हुँदै गइरहेको सन्दर्भमा त्यस्ता व्यवसायमा युवाहरूको सहभागिता बढाउँदै संरक्षण र संम्वर्द्धन गर्न यो कार्यक्रम राखिएको हो। परम्परागत पेशा व्यवसायमा लागेका युवाहरूलाई प्रोत्साहन गर्दै उद्यमशीलताका साथसाथै उत्पादनमा बृद्धि गर्ने उद्देश्यले अनुदान रकम प्रदान गर्न **परम्परागत पेशा व्यवसायमा लागेका युवालाई प्रोत्साहन सम्बन्धी मापदण्ड, २०७८** स्वीकृत गरिएको छ।

१. **प्रस्ताव आव्हानः** (१) परम्परागत पेशा व्यवसायमा लागेका युवाको पहिचान गर्न कम्तिमा २१ दिनको सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

(२) प्रस्ताव आव्हान सम्बन्धी सुचनाको लागि स्थानीय तहमा समेत पत्राचार गरिनेछ।

(३) उपदफा (१) बमोजिमको सुचनाका आधारमा इच्छुक युवाले अनुसुची १ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको सिफारिस सहित मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ।

२. **पेश गर्नुपर्ने कागजातहरूः** दफा १ बमोजिम निवेदन पेश गर्दा देहायका कागजातसहित पेश गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित स्थानीय तहको सिफारिश,

(ग) गर्दै आएको परम्परागत पेशा व्यवसाय सम्बन्धी विवरण ।

३. **मुल्याङ्कनका आधारहरूः** (१) दफा १ को उपदफा (३) बमोजिम परेका निवेदनका आधारमा परम्परागत पेशा व्यवसायमा लागेका युवाको छनोट गर्न मूल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछन्:

(घ) पेशा व्यवसाय सञ्चालन गरेको अवधि,

(ङ) पेशा व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ,

(च) उत्पादित वस्तुको वजार,

(छ) पेशा व्यवसायबाट रोजगार व्यक्तिको संख्या,

(ज) पेशा व्यवसाय प्रवर्द्धन योजना ।

(२) दफा (१) मा उल्लेखित आधारहरूको अङ्क विभाजन अनुसूची २ बमोजिम हुनेछ ।

४. **मूल्याङ्कन तथा सिफारिस समितिः** (१) परम्परागत व्यवसायमा संलग्न युवा छनोट गरी सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः

| | |
|---|---|
| युवा तथा खेलकुद महाशाखा प्रमुख, मन्त्रालय | संयोजक |
| प्रतिनिधि, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| लेखा अधिकृत, मन्त्रालय | सदस्य |
| युवा शाखा प्रमुख, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार विज्ञ आमन्त्रित गर्न सक्नेछ।

(३) समितिले मूल्याङ्कन गर्दा भौगोलिक, जातीय र पेशागत पक्षलाई समेत आधार मान्न सक्नेछ।

(४) समितिले उपदफा (२) बमोजिमका आधारमा मूल्याङ्कन गरी छनोटका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

५. **परम्परागत पेशा व्यवसायीहरुको छनौटः** मन्त्रालयले मूल्याङ्कन तथा सिफारिस समितिले गरेको सिफारिसका आधारमा परम्परागत पेशा व्यवसायीहरुको छनोट गर्नेछ।

६. **प्रोत्साहन रकमः** दफा ३ बमोजिमको आधारमा मूल्याङ्कन तथा सिफारिस समितिले प्रोत्साहन रकमको परिमाण निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नेछ।

७. **सम्झौताः** (१) मन्त्रालयले दफा (४) बमोजिम छनोट भएका परम्परागत व्यवसायीलाई छनोट भएको मितिले १५ दिनभित्र सम्झौता गर्नुपर्नेछ।

(२) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

८. **भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) परम्परागत पेशा व्यवसायीले सम्झौतामा उल्लेखित कार्यक्रम सम्पन्न गरी भुक्तानीका लागि देहाय बमोजिमका कागजात मन्त्रालयमा पेश गर्नुपर्नेछः

(क) फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन,

(ख) सम्बन्धित बिल, भरपाई

(ग) कार्यसम्पन्न भएकोले भुक्तानी दिने सम्बन्धी स्थानीय तहको सिफारिस ।

(२) मन्त्रालयले भुक्तानी दिनु अघि सम्बन्धीत परम्परागत व्यवसायको स्थलगत अनुगमन गर्न गराउन सक्नेछ।

(३) उपदफा (१) का आधारमा मन्त्रालयले अनुदान रकम भुक्तानी दिनेछ।

## अनुसूची — १

दफा १ को उपदफा (२) सँग सम्बन्धित

**परम्परागत पेशा व्यवसायीले पेश गर्ने प्रस्तावको ढाँचा**

(क) निवेदकको नाम थरः ........................................... ...........................................

(ख) पेशा व्यवसायः..................................

(ग) पेशा व्यवसाय सञ्चालन भएको ठेगानाः .................. ....................... ..............................

(घ) निवेदकको सम्पर्क फोन नः .......................... इमेलः ................. ....................

(ङ) नागरिकता जारी भएको जिल्लाः ..........................   नागरिकता नः   ............................

(च) योग्यता र अनुभवः  ......................... ...............................

(छ) व्यवसाय सम्बन्धी कुनै तालिम लिएको भए सो को विवरणः ......................... ...........................
............................ ......... .....

(ज) व्यवसायबाट उत्पादित वस्तु/सेवाको विवरण (क).......................(ख)........................

(झ) पेशा व्यवसायमा सुधार, प्रवर्द्धन र विस्तारका लागि गर्नुपर्ने मुख्य कार्यहरु
(क).......................(ख)  ........................(ग)  ..........................

(ञ) पेशा व्यवसायमा सुधार, प्रवर्द्धन र विस्तारका लागि लाग्ने अनुमानित खर्चः......................

(ट) निवेदनका साथ पेश गरेका कागजातहरुः
१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. सम्बन्धित स्थानीय तहको सिफारिश,
३. पेशा व्यवसाय दर्ता प्रमाणपत्र वा सञ्चालन गरेको देखिने प्रमाण
४. व्यवसाय प्रवर्द्धन योजना

.......................
निवेदकको हस्ताक्षर

## अनुसूची २

### दफा ३ को उपदफा (२) बमोजिमको अङ्क विभाजनका आधारहरू

| सि.नं. | व्यवसायी वा व्यवसायको नाम | मूल्याङ्कनका आधारहरू | | | | |
|---|---|---|---|---|---|---|
| | | व्यवसाय सञ्चालन गरेको अवधि (१०) | व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ (१५) | उत्पादनको मात्रा र उत्पादित वस्तुको वजार (२०) | रोजगार प्रदान भएको संख्या (१५) | व्यवसाय प्रवर्द्धन योजना (४०) |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

**नोटः**

१. व्यवसाय सञ्चालन गरेको अवधिः प्रतिवर्ष २ अङ्कका दरले बढीमा १० अङ्क

२. प्रयोग हुने कच्चा पदार्थः स्थानीय, जिल्ला, प्रदेश भित्रको कच्चा पदार्थ प्रयोग गर्ने व्यवसायलाई क्रमश १५, १० र ५ अङ्क

३. उत्पादित वस्तुको वजारः गत आ.ब.मा प्रति लाख विक्रीको लागि १ अङ्क

४. रोजगार प्रदान भएको संख्याः प्रति व्यक्ति ३ अङ्कका दरले बढीमा १५ अङ्क

५. व्यवसाय प्रवर्द्धन योजनाः मूल्याङ्कन तथा सिफारिस समितिले निर्धारण गरेका आधार बमोजिम ।

## अपाङ्गता भएका युवाहरूको लागि उद्यमशीलता विकासमा अनुदान सम्बन्धी मापदण्ड, २०७८

उद्यमशीलताको माध्यमबाट अपाङ्गता भएका व्यक्तिलाई स्वावलम्बी र आत्मनिर्भर बनाउन मद्दत पुग्दछ। अपाङ्गता भएका व्यक्तिलाई स्वावलम्बी र आत्मनिर्भर बनाउन उद्यमशीलताको महत्वलाई महशुस गरी विभिन्न उद्यममा विगतदेखि सङ्लग्न हुँदै आएका अपाङ्गता भएका उद्यमीहरूको व्यवसाय प्रवर्धनको लागि अनुदान प्रदान गर्न युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशले **अपाङ्गता भएका युवाहरूको लागि उद्यमशीलता विकासमा अनुदान सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गरेको छ ।**

१. **प्रस्ताव आव्हानः** (१) उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवालाई पहिचान गर्न मन्त्रालयको सुचना पाटी र वेभसाइटमा कम्तिमा २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

(२) प्रस्ताव आव्हान सम्बन्धी सुचनाको लागि स्थानीय तहमा समेत पत्राचार गरिनेछ।

(३) मन्त्रालयले गरेको सुचनाका आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवाले अनुसुची १ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको सिफारिस सहित मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ।

२. **पेश गर्नुपर्ने कागजातहरूः** दफा (१) बमोजिम निवेदन पेश गर्दा देहायका कागजातसहित पेश गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अपाङ्गताको परिचयपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित स्थानीय तहको सिफारिश ।

३. **मूल्याङ्कनका आधारहरूः** (१) दफा १ बमोजिम परेका निवेदनका आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवाको छनोट गर्ने मूल्याङ्कनका आधारहरु देहायबमोजिम हुनेछन्

(क) अपाङ्गता परिचयपत्रको वर्ग र किसिम

(ख) व्यवसाय सञ्चालनको अवधि

(ग) प्रयोग हुने कच्चा पदार्थ

(घ) उत्पादित वस्तु र वजारको अवस्था

(ङ) उद्यमशीलता प्रवर्द्धन योजना

(२) दफा १ बमोजिमका मूल्याङ्कनका आधारहरूको अङ्क विभाजन अनुसूची २ बमोजिम हुनेछ ।

४. **मूल्याङ्कन तथा सिफारिस समितिः** (१) दफा १ बमोजिमको निवेदनको आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवा छनोट गरी सिफारिस गर्न देहायबमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः

| | |
|---|---|
| महाशाखा प्रमुख, मन्त्रालय | संयोजक |
| प्रतिनिधि, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| कानून अधिकृत, मन्त्रालय | सदस्य |
| लेखा अधिकृत, मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार विज्ञ आमन्त्रित गर्न सक्नेछ।

(३) समितिले दफा ३ बमोजिमका आधारमा मूल्याङ्कन गरी छनोटका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(४) समितिले मूल्याङ्कन गर्दा भौगोलिक, पेशागत पक्षलाई समेत आधार मान्न सक्नेछ।

५. **प्रस्ताव छनौटः** मन्त्रालयले मूल्याङ्कन तथा सिफारिस समितिले गरेको सिफारिसका आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवाको प्रस्ताव छनोट गर्नेछ।

६. **<u>अनुदान रकमः</u>** मूल्याङ्कन तथा सिफारिस समितिले अनुदान रकमको परिमाण निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नेछ।

७. **<u>सम्झौताः</u>** (१) दफा ४ बमोजिम छनोट भएका उद्यमीले छनोट भएको मितिले १५ दिनभित्र सम्झौता गर्न आउने सुचना प्रकाशित गर्नेछ।

(२) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

८. **<u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u>** (१) उद्यमीले सम्झौतामा उल्लेखित कार्यक्रम सम्पन्न गरी भुक्तानीका लागि देहायबमोजिमका कागजात मन्त्रालयमा पेश गर्नुपर्नेछः

(क) कार्यक्रम सञ्चालन भएको देखिने फोटोहरु

(ख) सम्बन्धित बिल, भरपाइ

(ग) भुक्तानीका लागि सम्बन्धित स्थानीय तहको सिफारिस

(२) मन्त्रालयले भुक्तानी गर्नु अघि सम्बन्धीत उद्यमशीलताको स्थलगत अनुगमन गर्न सक्नेछ।

(३) उपदफा(१) का आधारमा मन्त्रालयले अनुदान रकम भुक्तानी दिनेछ।

अनुसूची — १

दफा १ को उपदफा (२) सँग सम्बन्धित

**उद्यमशीलतामा आवद्ध अपाङ्गता भएका युवाले दिने निवेदनको ढाँचा**

१. निवेदकको नाम थरः ......................................... ..........................................

२. अपाङ्गताको वर्ग\किसिम

३. पेशा व्यवसाय सञ्चालन भएको वा गर्न चाहेको स्थानः .................. ........................

४. निवेदकको सम्पर्क फोन नः ................................... इमेलः ................................

५. पेशा व्यवसाय सञ्चालन गरेको देखिने प्रमाण\ फोटो

६. नगरिकता जारी भएको जिल्लाः ..........................नागरिकता नः ..........................

७. योग्यता र अनुभवः ......................... ..............................

८. व्यवसाय सम्बन्धी कुनै तालिम लिएको भए सो को विवरणः ............... .........................

.................... ...................... ...................... ................. ...................

९. व्यवसायबाट उत्पादित वस्तुको विवरण (क).......................(ख) ................. (ग) .............

१०. व्यवसायमा सुधार, प्रवर्द्धन र विस्तारका लागि गर्नुपर्ने मुख्य कार्यहरु

(क).......................(ख) ........................(ग) ..........................

११. व्यवसायको व्यवस्थापन तथा सञ्चालनमा सुधार, प्रवर्द्धन र विस्तारका लागि लाग्ने अनुमानित खर्चः..................... ....................... ..................... .................. ..........

१२. निवेदनका साथ पेश गरेका कागजातहरुः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अपाङ्गताको परिचयपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित स्थानीय तहको सिफारिश,

........................

निवेदकको हस्ताक्षर

## अनुसूची २

### दफा ३ को उपदफा (२) बमोजिमको अङ्क विभाजनका आधारहरू

| सि.नं. | अपाङ्गता भएका व्यवसायी वा व्यवसायको नाम | मूल्याङ्कनका आधारहरू | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अपाङ्गता परिचयपत्रको वर्ग र किसिम (१०) | व्यवसाय सञ्चालनको अवधि (१०) | प्रयोग हुने कच्चा पदार्थ (१५) | उत्पादित वस्तु र वजारको अवस्था (२०) | रोजगार प्रदान भएको संख्या (१५) | व्यवसाय प्रवर्द्धन योजना (३०) |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

नोट

१. अपाङ्गता परिचयपत्रको वर्ग र किसिमः क,ख र ग वर्गको अपाङ्गता भएका व्यक्तिले क्रमशः १०, ८ र ५ अङ्क

२. व्यवसाय सञ्चालनको अवधिः प्रतिवर्ष २ अङ्कका दरले बढीमा १० अङ्क

३. प्रयोग हुने कच्चा पदार्थः स्थानीय, जिल्ला, प्रदेश भित्रको कच्चा पदार्थ प्रयोग गर्ने व्यवसायलाई क्रमश १५, १० र ५ अङ्क

४. उत्पादित वस्तुको वजारः गत आ.ब.मा प्रति लाख विक्रीको लागि १ अङ्क

५. रोजगार प्रदान भएको संख्याः प्रति व्यक्ति ३ अङ्कका दरले बढीमा १५ अङ्क

६. व्यवसाय प्रवर्द्धन योजनाः मूल्याङ्कन तथा सिफारिस समितिले निर्धारण गरेका आधार बमोजिम ।

# लागु औषध तथा दुर्व्यसनमा रहेका युवाहरुलाई अभिनय प्रशिक्षण सम्बन्धी मापदण्ड, २०७८

विभिन्न कारणले कुलतको प्रभावमा परेका वा पुनर्स्थापना केन्द्रमा रहेका दुर्व्यसनी युवाहरूलाई अभिनय प्रशिक्षण गराई कला, सीप र क्षमताको विकासबाट सामाजिक उत्तरदायित्वको भावना विकास गर्न अभिनय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नको लागि **लागु औषध तथा दुर्व्यसनमा रहेका युवाहरुलाई अभिनय प्रशिक्षण सम्बन्धी मापदण्ड, २०७८** तयार गरिएको छ।

१. **प्रस्ताव आह्वानः** (१) अभिनय प्रशिक्षण सम्बन्धी कार्य गर्ने संस्थाहरूबाट प्रस्ताव आह्वान गर्न मन्त्रालयको सुचना पाटी र वेभसाइटमा ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

(२) अभिनय प्रशिक्षण सम्बन्धी कार्य गर्ने इच्छुक संस्थाहरूले दफा २ मा तोकिएका कागजातहरू संलग्न राखी अनुसूची १ बमोजिमको प्रस्ताव मन्त्रालयमा बुझाउनुपर्ने छ ।

२. **पेश गर्नुपर्ने कागजातहरू:** दफा (१) बमोजिम प्रस्ताव पेश गर्न देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ।

(क) संस्था दर्ता र नविकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि

(ख) स्थायी लेखा प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपि

(ग) अभिनय प्रशिक्षणको लागि आवश्यक कार्ययोजना

(घ) संस्थाले गरेका अभिनय प्रशिक्षण सम्बन्धी कार्यहरूको विवरण

(ङ) संस्थासँग भएको प्रविधि र जनशक्तिको विवरण

३. **संस्था छनौटका आधारहरू:** (१) अभिनय तथा नाटक प्रशिक्षण सम्बन्धी संस्था छनौटका आधारहरू देहाय बमोजिम हुनेछन्

(क) संस्थामा भएका प्रशिक्षकहरूको दक्षता र पर्याप्तता,

(ख) प्रशिक्षण क्षेत्रमा आधारित संस्था भएमा,

(ग) संस्थासँग भएका अभिनय सम्बन्धी प्रशिक्षण सामग्री तथा प्रविधि,

(घ) संस्थाले पेश गरेको प्रशिक्षण कार्ययोजना,

(ङ) अन्तर्वार्ता र छलफल ।

(२) दफा १ बमोजिमका मूल्याङ्कनका आधारहरूको अङ्क विभाजन अनुसूची २ बमोजिम हुनेछ ।

४. **प्रस्ताव मूल्याङ्कन तथा अनुगमन समितिः** (१) दफा (२) बमोजिम पेश भएको प्रस्तावको मूल्याङ्कन गर्न तथा प्रशिक्षण कार्यक्रमको अनुगमन गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा अनुगमन समिति रहनेछः

| | | |
|---|---|---|
| १. | युवा तथा खेलकुद महाशाखा प्रमुख | संयोजक |
| २. | मन्त्रालयद्वारा मनोनित अभिनय क्षेत्रका विज्ञ | सदस्य |
| ३. | मन्त्रालयको युवा शाखा हेर्ने अधिकृत | सदस्य |

(२) मूल्याङ्कन र अनुगमनको प्रयोजनको लागि आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्न सकिनेछ ।

(३) प्रस्ताव मूल्याङ्कन तथा अनुगमन समितिका सदस्यहरूले बैठक वसेवापत तथा स्थलगत अनुगमनमा जिल्लाहरूको भ्रमण गर्नुपरेमा नियमानुसार बैठक तथा दैनिक भ्रमण भत्ता पाउनेछन् ।

५. जिल्लाहरूको समूहीकरणः (१) लक्षित युवाहरूको सहभागिताको लागि गण्डकी प्रदेशका एघार वटा जिल्लाहरूलाई तपसिल बमोजिम समूहीकरण गरिनेछः

(क) तनहुँ, लमजुङ, मनाङ र गोरखा

(ख) कास्की, स्याङ्जा र नवलपुर

(ग) पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ

(२) उपदफा (१) बमोजिम गरिएको समूहीकरणले कुनै संस्थाद्वारा कुनै जिल्लामा सञ्चालन हुने अभिनय प्रशिक्षणमा अर्को जिल्लाका युवाहरूलाई सहभागी हुन बाधा पर्ने छैन ।

६. अभिनय प्रशिक्षणको न्यूनतम मापदण्डः (१) प्रशिक्षण सम्बन्धी निम्न मापदण्डहरू पालना गर्नुपर्ने छ ।

(क) दिनमा ३ घण्टा, हप्तामा ६ दिनको दरले न्यूनतम ३० दिन (९० घण्टा) प्रशिक्षण गर्नुपर्ने,

(ख) पुनर्स्थापना केन्द्रको परिसरमा नै प्रशिक्षण गर्नुपर्ने,

(ग) प्रशिक्षण गतिविधि तथा मुख्य क्रियाकलापको अभिलेखका साथै भिडीय रेकर्ड गर्नुपर्ने,

(घ) सम्बन्धित क्षेत्रमा तालिम लिएका वा अनुभवी प्रशिक्षकहरूको प्रयोग गर्नुपर्ने ।

(२) प्रत्येक संस्थाले कम्तीमा दुईवटा समूहमा न्यूनतम् ५० जना सहभागीलाई प्रशिक्षण दिनुपर्ने छ । एउटै पुनर्स्थापना केन्द्रमा एकभन्दा बढी समूह हुन सक्ने छैन ।

७. पुनर्स्थापना केन्द्रको छनौटः (१) छनौट भएका प्रशिक्षण संस्थाले अभिनय प्रशिक्षण सञ्चालनका लागि सम्बन्धीत पुनर्स्थापना केन्द्रको सहमति लिनु पर्नेछ ।

(२) अभिनय प्रशिक्षण सञ्चालनका लागि छनौट भएका प्रशिक्षण संस्थाले निम्न आधारमा पुनर्स्थापना केन्द्रको छनौट गर्नुपर्नेछ ।

(क) कम्तीमा १५ जना दुर्व्यसनी युवाहरू भएको पुनर्स्थापना केन्द्र हुनुपर्ने,

(ख) संस्थालाई तोकिएका जिल्लास्थित पुनर्स्थापना केन्द्र हुनुपर्ने,

(ग) अनुमति प्राप्त पुनर्स्थापना केन्द्र हुनुपर्ने,

(घ) अभिनय प्रशिक्षणको लागि पर्याप्त स्थान भएको हुनुपर्ने ।

(३) दैनिक प्रशिक्षणको समय व्यवस्थापन सम्बन्धमा पुनर्स्थापना केन्द्रको परामर्श बमोजिम गर्नु पर्नेछ ।

८. सहयोग लिन सक्नेः प्रशिक्षण संस्थाले प्रशिक्षणको क्रममा सम्बन्धित पुनर्स्थापना केन्द्रबाट मञ्च व्यवस्थापन, भेषभुषा र अन्य सहायक सामग्रीहरू आदिको सहयोग लिन सक्नेछ ।

९. सम्झौता बमोजिम हुनेः अभिनय प्रशिक्षण वापतको रकम र भुक्तानीको प्रक्रिया मन्त्रालय र संस्थाको बीचमा भएको सम्झौता बमोजिम हुनेछ ।

१०. भिडीयो सामग्री बुझाउनु पर्नेः अभिनय प्रशिक्षणका मुख्य मुख्य क्रियाकलापको तस्वीर तथा भिडीयो तयार पारी प्रतिवेदन बुझाउनुपर्ने छ ।

अनुसूची — १

दफा १ को उपदफा (१) सँग सम्बन्धित

**अभिनय प्रशिक्षण सेवा दिन चाहने संस्थाले पेश गर्ने प्रस्तावको ढाँचा**

(क) संस्थाको नामः ............................................ ...........................

(ख) संस्थाको ठेगानाः .................. ........................ सम्पर्क फोन नः..............................

(ग) सम्बन्धित व्यक्तिको नामः ................... .............पदः ............. इमेलः.............

(घ) संस्थाको अभिनय प्रशिक्षणको क्षेत्रः (१) .......................... (२) ...................

(ङ) संस्थाको अनुभव सम्बन्धी विवरणः (१) .......................... (२) ...................

(च) प्रशिक्षण गर्न चाहेको जिल्ला-समूहको प्राथमिकीकरण (दफा ५ बमोजिम)

............. .............. .............

(छ) संस्थाले पेश गर्नुपर्ने कागजातहरूः

१. संस्था दर्ता र नविकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि

२. स्थायी लेखा प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपि

३. अभिनय प्रशिक्षणको लागि आवश्यक कार्ययोजना

४. संस्थाले गरेका अभिनय प्रशिक्षण सम्बन्धी कार्यहरूको विवरण

५. संस्थासँग भएको पूर्वाधार तथा जनशक्तिको विवरण

हस्ताक्षर

मितिः

## अनुसूची २

**(दफा ३ को उपदफा (२) बमोजिमको प्रस्ताव मूल्याङ्कन फाराम)**

**अभिनय प्रशिक्षण सेवा दिन चाहने संस्थाको मूल्याङ्कनका आधारहरू**

| सि.नं. | प्रशिक्षण संस्थाको नाम र ठेगाना | प्रशिक्षण संस्था छनौटका आधारहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | संस्थामा भएका प्रशिक्षकहरूको दक्षता र पर्यासता | प्रशिक्षण स्थानमा आधारित संस्था | प्रशिक्षण विधि तथा प्रविधि | संस्थाले पेश गरेको कार्ययोजना | अन्तर्वार्ता र छलफल | जम्मा | कैफियत |
| | अङ्कभार | २० | २० | २० | २० | २० | १०० | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

नोटः

१. संस्थामा भएका प्रशिक्षकहरूको दक्षता र पर्यासताः मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विधामा न्यूनतम योग्यता हासिल गरेको प्रति प्रशिक्षक ५ अङ्कका दरले बढीमा २० अङ्क

२. प्रशिक्षणको समूहसँग सम्बन्धित क्षेत्रमा आधारित संस्थाः सम्बन्धित स्थानीय तह भित्रको संस्था भए २० अङ्क, सम्बन्धित जिल्ला भित्रको संस्था भए १५ अङ्क, गण्डकी प्रदेश भित्रको संस्था भए १० अङ्क र प्रदेश बाहिरको संस्था भए ५ अङ्क

३. अभिनय सम्बन्धी प्रशिक्षण सामग्री तथा प्रविधिः अभिनय सम्बन्धी प्रशिक्षण सामग्री तथा प्रविधिको मूल्याङ्कनको अङ्क विभाजन मूल्याङ्कन तथा सिफारिस समितिले निर्धारण गरेबमोजिम हुनेछ।

४. संस्थाले पेश गरेको प्रशिक्षण कार्ययोजनाः लागत अनुमान वापत १० अङ्क र प्रशिक्षण कार्ययोजना वापत १० अङ्क

५. अन्तर्वार्ता र छलफलः प्रशिक्षण विधि वापत १० अङ्क र प्रस्तुतीकरण वापत १० अङ्क मूल्याङ्कन समितिको मूल्याङ्कन बमोजिम ।